# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार ११ गते २०५५ साल (अतिरिक्ताङ्क २३ (अ)

## भाग ३

## निर्वाचन आयोगको सूचना

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, संख्या ५१ मिति २०५४/१२/२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना अनुसार मकवानपुर जिल्ला हटिया गाउँ विकास समितिको २०५५ साल वैशाख महिनामा अद्यावधिक गरिएको मतदाता नामावली र संकलन गरिएको सम्पूर्ण कागजातहरु मिति २०५५/३/२ मा उक्त गाउँ विकास समिति भवनमा आगलागी हुन गई नष्ट भएकोले सो गाउँ विकास समितिमा पुनः देहाय बमोजिम मतदाताहरुको नाम तथा अन्य विवरण संकलन गरी सो मतदाता नामावली अद्यावधिक गर्न यो आदेश जारी गरेको छ ।

११३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | नाम संकलन | २०५५/३/१५ | २०५५/३/३२ | १०.०० | १७.०० | सहायक |
| २ | मतदाता नामावली प्रकाशन | २०५५/४/१ | | १०.०० | | नामदर्ता |
| ३ | मतदाता नामावलीमा नाम समावेश हुन छुट भएको व्यक्तिले दरखास्त दिने | २०५५/४/१ | २०५५/४/७ | १०.०० | १७.०० | अधिकारीको |
| ४ | मतदाता नामावलीमा नाम समावेश भएको मतदाता को नाम आदि सच्याउन दरखास्त दिने । | २०५५/४/१ | २०५५/४/७ | १०.०० | १७.०० | कार्यालय |
| ५ | नाम समावेश गर्न र नाम आदि सच्याउन दिएको दरखास्त उपर जाँचबुझ गर्ने । | २०५५/४/८ | २०५५/४/९ | १०.०० | १७.०० | |
| ६ | संशोधित मतदाता नामावली प्रकाशन गर्ने । | २०५५/४/१० | | - | १७.०० | |
| ७ | मतदाता नामावलीमा नाम भएको मतदाताको विरोधमा दरखास्त दिने । | २०५५/४/१ | २०५५/४/१५ | १०.०० | १७.०० | |
| ८ | मतदाताको विरोधमा दिएको दरखास्त उपर जाँचबुझ गर्ने। | २०५५/४/१६ | २०५५/४/३१ | १०.०० | १७.०० | |
| ९ | दोहोरो नाम समावेश भएको मतदाताको नाम मतदाता नामावली बाट हटाउन सूचना दिने । | २०५५/४/१ | २०५५/४/१५ | १०.०० | १७.०० | प्रमुख |
| १० | मतदाता हुन योग्यता गुमाएको मतदाताको नाम मतदाता नामावलीबाट हटाउन सूचना दिने । | २०५५/४/१ | २०५५/४/१५ | १०.०० | १७.०० | नामदर्ता |
| ११ | मतदाताको नाम हटाउन दिएको सूचनाको व्यहोरामा जाँचबुझ गर्ने । | २०५५/४/१६ | २०५५/४/३१ | १०.०० | १७.०० | अधिकारीको |
| १२ | अन्तिम मतदाता नामावली प्रकाशित गर्ने । | २०५५/४/३१ | | | १७.०० | कार्यालय |

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको का.मु.सचिव

११८



मुद्रक:- मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।